मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १२ गते सोमबार ❑ 26 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## बहुवर्षे र गौरवका आयोजना सम्पन्न गर्ने विषय प्राथमिकतामा: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बहुवर्षे र गौरवका आयोजना सम्पन्न गर्ने विषय सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

गण्डकी प्रदेशसभाको आजको बैठकमा बोल्दै मुख्यमन्त्री पाण्डेले आगामी वर्षको बजेटमा नयाँ योजनाको प्रवेश कम हुने बताउँदै बहुवर्षे र गौरवका आयोजना सम्पन्न गर्ने विषयलाई प्राथमिकतामा राखिएको बताउनुभयो। सीमित स्रोतसाधनका कारण प्रदेशमा सबै अपेक्षा पूरा गर्न सकिने अवस्था नरहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले प्रदेश मात्र नभई आर्थिक अवस्थाका कारण सङ्घले पनि अपेक्षा पूरा गर्न सक्ने अवस्था नरहेको स्पष्ट पार्नुभयो।

बहुवर्षे योजनाको दायित्वले चेपिएको र योजनाको भुक्तानी दिन सक्ने अवस्था पनि नरहेको भन्दै उहाँले चालु आर्थिक वर्षमा सङ्घ सरकारले झन्डै रु दुई अर्ब वित्तीय समानीकरण अनुदान नदिँदाको बोझले प्रदेश थिचिएको उल्लेख गर्नुभयो। रु ५० लाखसम्ममा सकिने खानेपानीका योजना भए त्यसलाई पूरा गर्ने र आउने वर्षमा सक्नेगरी बहुवर्षे सडकका योजनामा बजेट विनियोजन गर्ने उहाँको भनाइ छ। प्रदेशलाई आत्मनिर्भर र समुन्नत प्रदेश सुखी प्रदेशवासीको नारालाई साकार पार्न आत्मनिर्भरतर्फ प्रवेश गर्नुपर्ने भएकाले विद्युत्, खानी तथा खनिज, घरेलु मदिरा, वन, राइड शेयरिङ नियमावाली अघि ल्याइएको, यसले राजस्वको दायरा बढाउन सहयोग पुग्ने मुख्यमन्त्री पाण्डेले बताउनुभयो। चालु अधिवेशनमा नीति तथा कार्यक्रम, बजेटसँगै हिउँदे अधिवेशनमा पेस भएर दफाबार छलफलमा रहेका १० विधेयक पारितका लागि सदन र संसदीय समितिको पूर्ण सहयोग रहने उहाँले विश्वास व्यक्त गर्नुभयो। राजनीतिक स्थिरताका लागि प्रमुख दुई दलबीच गठबन्धन सरकार बनेको र यो २०८४ सम्म नै जाने उहाँले स्पष्ट पार्नुभयो। गण्डकी प्रदेशसभा एमाले संसदीय दलका नेता एवम् पूर्वमुख्यमन्त्री खगराज अधिकारीले कांग्रेस र एमालेको गठबन्धन सरकार राजनीतिक स्थिरतासँगै राष्ट्रको समृद्धि र विकासका लागि भएको बताउनुभयो। सरकार आफ्नै जनअपेक्षालाई सम्बोधन गर्ने गरी निरन्तर अघि बढिरहेको उहाँले बताउनुभयो।

सबै दलको सहमतिका आधारमा संविधान संशोधन हुने नेता अधिकारीले स्पष्ट पार्नुभयो। प्रदेशको समग्र विकासका लागि सबैको एकताबद्ध प्रयास आवश्यक रहेको उहाँको भनाइ थियो।

## भूमि बैङ्क स्थापना गर्ने तयारीमा छौँ : मन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ जेठ

सङ्घीय भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सरकारी जग्गा र सार्वजनिक जग्गालाई सरकारका नाममा एकीकृत गर्न सरकारले भूमि बैङ्क स्थापना गर्ने तयारी गरिरहेको बताउनुभएको छ।

मुस्ताङको जोमसोममा आइतबार आयोजित स्थानीय तहमाभू–उपयोगकार्यान्वयनसम्बन्धीप्राविधिक सहयोग तथा अभिमुखीकरणमा मन्त्री अधिकारीले सरकारले चाँडै नै भूमि बैङ्क स्थापना गर्ने तयारी गरेको जानकारी दिनुभयो। मन्त्री अधिकारीले भूमि बैङ्क स्थापना गरेर नापी नभएका सरकारी तथा सार्वजनिक जग्गा सरकारका नाममा ल्याउन मन्त्रालयले ठोस नीति लिएको उल्लेख गर्नुभयो। यसरी सरकारी भूमि बैङ्कमा नापी भएपछि सबै स्थानीय तहले मन्त्रालय र विभागको समन्वयमा सरकारी तथा सार्वजनिक जग्गालाई लिज प्रक्रियामा दिन पाउने व्यवस्था मिलाइने उहाँको भनाइ थियो। मुस्ताङमा आयोजित सरोकारवाला सम्मिलित अन्तरक्रियामा मन्त्री अधिकारीले गत वर्षसम्म १५३ स्थानीय तहले भूउपयोग क्षेत्र वर्गीकरण विवरण मन्त्रालयमा पठाएको बताउनुभयो। मन्त्रालयले चालु आर्थिक वर्षको असार मसान्तसम्ममा ७५३ वटै पालिकाबाट भूउपयोग वर्गीकरण विवरण मन्त्रालयमा पेस हुने दाबी गर्नुभयो। विसं २०२१ सालमा पहिलोपटक जग्गा नापी भएको र त्यसपछि पुनः नापी हुन नसकेको उहाँले उल्लेख गर्नुभयो। सरकारले देशभर पुनः नापी गर्न मन्त्रालयलाई रु १५ अर्बभन्दा बढी बजेट आवश्यकता पर्ने भएकाले यस्तो समस्या देखिएको मन्त्री अधिकारीको भनाइ थियो। मुस्ताङको भूमिसम्बन्धी समस्याको सूक्ष्म रूपमा अध्ययनका लागि मुस्ताङ आउनुभएका सङ्घीयमन्त्री अधिकारीले भूउपयोगसम्बन्धी वर्गीकरणको काम स्थानीय तहले अल्झाएर राखेमा भूमि आयोगले कुनै पनि काम गर्न नसक्ने स्पष्ट पार्नुभयो। "कुन जग्गा बस्ती हो, कुन व्यापारिक क्षेत्र हो, कहाँ नदी पर्छ र कुन ठाउँ पर्यटक क्षेत्र हो, त्यसको सबै विवरण वर्गीकरणमा उल्लेख हुन्छ", मन्त्री अधिकारीले भन्नुभयो, "त्यो नै विवरण नभएमा आयोगले गर्ने कार्यक्रममा प्रतिरोध सृजना हुन सक्छ।"

भूमिसम्बन्धी आयोगलाई सहज बनाउन स्थानीय तहको महत्वपूर्ण भूमिका रहने उहाँले बताउनुभयो। "स्थानीय तहका जनप्रतिनिधि राजनीतिक व्यक्तित्व हुन्, उनीहरूले स्वार्थ अनुकूल निर्णय गर्न सक्छन्," मन्त्री अधिकारीले भन्नुभयो, "यसैका कारण स्थानीय तहका कर्मचारीले विधि, पद्धति प्रक्रिया र नियम कानुनमा टेकेर कार्यसम्पादन गर्नुपर्ने सुझाउनुभयो।

मुस्ताङमा नापी सुरु हुँदा यहाँका नागरिकमा भाषागत समस्या र चेतनाको अभावले भूमिसम्बन्धी समस्या रहेको आफूले पाएको मन्त्री अधिकारीको भनाइ थियो। यी सबै यहाँ देखिएका समस्याको निकास खोज्ने गरी मन्त्रालय कटिबद्ध भएर लाग्ने उहाँले प्रतिबद्धता जनाउनुभयो। मन्त्री अधिकारीले विगतका भूमि आयोगले गरेका कामलाई मन्त्रालयले निरन्तरता दिएर भूमिसम्बन्धी समस्या समाधान गर्न मन्त्रालय प्रतिबद्ध रहेको जनाउनुभयो।

मुस्ताङमा आयोजित भूउपयोगत क्षेत्र वर्गीकरणसम्बन्धी अन्तरक्रिमा मुस्ताङका सरोकारवालाले मन्त्री अधिकार ीसमक्ष प्रश्न राखेका थिए। स्थानीय भीम रसाइली मुस्ताङमा पुनः नापी नहुँदा मुस्ताङका सरकारी तथा सार्वजनिक जग्गा भूमाफियाको कब्जामा गएको र यसले राज्यलाई ठूलो राजस्व घाटा भएको बताउनुभयो। नागरिक समाजका अगुवा चन्द्रबहादुर थकालीले मुस्ताङमा भूमिसम्बन्धी समस्या ज्यूँका त्यूँ रहेकाले यसको समाधान गर्न सरकारले चासो दिनुपर्ने बताउनुभयो। मन्त्री अधिकारीसहित मन्त्रालयका सचिव केदारनाथ शर्मा र नापी विभागका महानिर्देशक प्रकाश जोसीसहितको प्रतिनिधिमण्डल मुस्ताङ आएको हो। मन्त्री अधिकरीसहितको टोलीले कोरलानाकामा पूर्वाधार निर्माणका लागि जग्गा अवलोकन गरेको छ। यस्तै, टोलीले लोमान्थाङमा सरोकारवाला निकायसँग भूमि समस्यासम्बन्धी छलफल तथा अन्तरक्रिया गरेको थियो।

## गणतन्त्र दिवसलाई उत्सवको रूपमा मनाउने एमाले सचिवालय बैठकको निर्णय

**रासस**
काठमाडौं, ११ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले गणतन्त्र दिवसलाई उत्सवका रूपमा मनाउने भएको छ।

ललितपुर च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा सोमबार बसेको सचिवालय बैठकले जेठ १५ गते गणतन्त्र दिवसलाई उत्सवका रूपमा मनाउने निर्णय गरेको एमाले महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो।

सातदशक लामो बलिदानीपूर्ण सङ्घर्षको बलबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको दिनलाई विशेष उत्सवका रूपमा मनाउन जनसमुदायलाई आह्वानसमेत गरिएको उहाँले बताउनुभयो। उक्त उत्सवमा सक्रिय सहभागिताका लागि बैठकले सबैलाई आह्वानसमेत गरेको छ। उक्त दिन उपत्यका बाहिर पार्टी कमिटीले पालिकास्तरमा विशेष कार्यक्रम आयोजना गर्ने निर्णय गर्दै बैठकले त्यसको तयारीमा जुट्न सबै मातहतका कमिटीलाई निर्देश गरेको पार्टी महासचिव पोखरेलले जानकारी दिनुभयो। काठमाडौँ उपत्यकाका हकमा उपत्यकाका पार्टी कमिटीको आयोजनामा सांस्कृतिक झाँकीसहित दिवसमा उत्सव आयोजना गरिने र त्यसका लागि झाँकीको संयोजन नेपाल जनसांस्कृतिक महासङ्घले गर्नेछ। सांस्कृतिक झाँकीको आवश्यक संयोजन पार्टी कार्यालयका तर्फबाट पनि गरिने छ। जनताको परिवर्तनको आकाङ्क्षालाई सम्बोधन गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्र ऐतिहासिक उपलब्धि रहेको अवस्थामा गणतन्त्रलाई सबल र सुदृढ बनाउने कुरामा पार्टीले जोड दिने महासचिव पोखरेलले बताउनुभयो। जनताको सम्प्रुभताविरुद्ध हुने कुनै पनि गतिविधि एमालेले स्वीकार नगर्ने भन्दै उहाँले गणतन्त्र जनताको सार्वभौम व्यवस्था भएको र त्यसलाई जनताको अधिकारका रूपमा स्थापित गर्ने काम भएको स्पष्ट पार्नुभयो।

"गणतन्त्रलाई अझ सबल र सुदृढ बनाउनुपर्दछ भन्ने कुरामा अगाडि बढ्नुपर्ने बैठकले निष्कर्ष निकालेको छ। जनताको अधिकार रक्षा, जनताले पाएका उपलब्धिको संरक्षण र गणतन्त्रलाई उत्सवको रूपमा मनाउने कुरामा पार्टीको ध्यान केन्द्रीत छ", महासचिव पोखरेलले भन्नुभयो।

## बैङ्क वित्तीय संस्थाले दैनिक ९० प्रतिशत अनिवार्य नगद मौज्दात राख्नुपर्ने

**रासस**
काठमाडौं, ११ जेठ

नेपाल राष्ट्र बैङ्कले चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गर्दै बैङ्क तथा वित्तीय संस्थाले दैनिक ९० प्रतिशत न्यूनतम मौज्दात राख्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तै शेयर धितो कर्जाको जोखिम भार घटाइएको छ।

राष्ट्र बैङ्कले आइतबार मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनीक गर्दै नीतिगत दर, निक्षेप संकलन दर र बैङ्कदर भने यथावत राखेको छ। "आन्तरिक आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा मौद्रिक नीतिको कार्यदिशालाई सजगतापूर्वक सन्तुलित राखिएको छ।

नीतिगत दरलाई विद्यमान पाँच प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दरलाई तीन प्रतिशत र ब्याजदर करिडोर अन्तर्गतको माथिल्लो सीमाको रूपमा रहेको बैङ्क दरलाई साढे छ प्रतिशतमा यथावत राखिएको छ," समीक्षामार्फत् राष्ट्र बैङ्कले भनेको छ, "विद्यमान अनिवार्य नगद मौज्दात र वैधानिक तरलतासम्बन्धी अनुपातलाई यथावत राखिएको छ।

वित्तीय प्रणालीको विद्यमान तरलताको अवस्था र पछिल्लो समय खुला बजार कारोबार उपकरणमा गरेको सुधारलाई मध्यनजर गरी बैङ्क तथा वित्तीय संस्थाहरूले दैनिक ९० प्रतिशत न्यूनतम अनिवार्य नगद मौज्दात कायम राख्नुपर्ने व्यवस्था गरिने छ।" विद्यमान सेयर धितो कर्जाको जोखिम भार पनि घटाइएको छ। हाल सेयर धितो कर्जामा रहेको कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाएर १०० प्रतिशत कायम गरिने राष्ट्र बैङ्कले जनाएको छ।

कानुनी सुधारतर्फ पनि राष्ट्र बैङ्कले केही नयाँ व्यवस्था ल्याउन लागिएको छ। लगानी वातावरण सुधार गर्ने उद्देश्यले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको पछिल्लो संशोधनका व्यवस्थालाई समावेश गरी "नेपाल राष्ट्र बैङ्क विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" जारी गरिने जनाइएको छ। त्यस्तै, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को संशोधनबमोजिम चेक अनादरसम्बन्धी व्यहोरा प्रमाणित गर्ने कार्यविधि तर्जुमा गरी जारी गर्ने राष्ट्र बैङ्कले जनाएको छ।



सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
- सडक पेटीबाट हिडौं,
- रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
- चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं–नगराऔं,
- सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
- भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं–नगराऔं,
- सडकमा जथाभावी नहिडौं–नहिडाऔं,
- पशु चौपायाहरुलाई सडकमा नछाडौं,
- अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पत्रकार महासंघ कास्कीमा डिजिटल साक्षरता तालिम

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

नेपाल पत्रकार महासंघ कास्कीमा डिजिटल साक्षरता तालिम शुरु भएको छ। आईतबारदेखि सुरु भएको तालिम मंगलबारसम्म सञ्चालन हुनेछ।

तालिमका मुख्य प्रशिक्षक निम्जिनका संस्थापक रजनीश भण्डारीले मोबाईल जर्नालिजम् टेक्निक, मल्टिमिडिया सम्बन्धि पछिल्लो अवस्था, कान्भा फर जर्नालिज्म फोटो जर्नालिजम्, भिडियो इडिटिङ, लगायतका विषयमा प्रशिक्षण दिनेछन्।

तालिममा पत्रकार सन्तोष पोखरेल मिस ईन्फर, डिस तथा मास ईन्फरमेसनका बारे र जीवन भण्डारीले एआईका बारेमा प्रशिक्षण दिनेछन्।




तालिमको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गरेका थिए। कार्यक्रममा प्रमुख आचार्यले सिंगो पत्रकारिता क्षेत्रलाई सकरात्मक ढंगले अघि बढाउने विश्वास व्यक्त गरे। पत्रकारितामा हरेक दिन अपडेट भईराख्नुपर्ने उनको भनाई छ। उनले पत्रकारलाई समय समयमा रिफ्रेन्समेन्ट तालिम आवश्यक भईरहने बताए। पत्रकारिता पेशा राम्रो भयो भने समाज राम्रो हुने महानगर प्रमुख आचार्यको विश्वास छ। उनले पत्रकार महासंघका हरेक गतिविधिमा महानगरले सहकार्य गर्ने प्रतिबद्वता व्यक्त गरे।

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले डिजिटल साक्षरता हरेक क्षेत्रमा आवश्यक रहेको बताए। उनले तालिममा लिएको कुरा कन्टेन्टका देखाएर पढ्न पाईएमा तालिमको सार्थकता हुने उल्लेख गरे।

प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेले स्किलफूल तालिम सहभागिको लागि फलदायी हुने विश्वास व्यक्त गरे। अहिले प्रविधिमा भइरहेको परिवर्तनसँगै यस्ता तालिमले पत्रकारितामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको भनाई छ। तालिमका कास्कीका ७५ जना पत्रकारहरु सहभागी छन्। पत्रकार महासंघ कास्कीका अध्यक्ष माधवप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत संस्थाका उपाध्यक्ष माधवप्रसाद रेग्मी र सञ्चालन सहसचिव धनबहादुर गरुङ (सुमन) ले गरेका थिए।

# गायत्री सिकाइको अभिभावक शिक्षा प्रशिक्षण कार्यशाला

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पोखरा १९ मा रहेको गायत्री बहुउद्देश्यीय सामुदायिक सिकाई केन्द्रले एक दिने अभिभावक प्रशिक्षण कार्यशाला सम्पन्न गरेको छ।

कार्यशालाको उद्घाटन गर्दै शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख लोकनाथ आचार्यले आफ्ना बालबालिकालाई कस्ता बनाउने र कुन संस्कार दिने भन्ने कुरा विद्यालयको भन्दा पनि अभिभावकमा निहित रहने बताउँदै,विद्यालयमा जति नै पढाए पनि पारिवारीक वातावरण नबनेसम्म बालबालिकाको विकास हुन नसक्ने बताउनु भयो।



वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले गायत्री बहुउद्धेश्यीय सामुदायिक सिकाइ केन्द्रले वडास्तरमा गर्दै आएका कार्ययोजनाहरुको प्रशंसा गर्नु भयो। कार्यक्रममा बोल्दै सिकाइ केन्द्रका अध्यक्ष शोभामोहन पौडेलले विद्यालयहरुको शैक्षिक एवम् भौतिक निर्माणमा गायत्री सिकाई केन्द्रले निरन्तर गर्दै आइरहेका कार्यहरु माथि प्रकाश पार्नुभयो। कार्यशालामा प्रशिक्षक दिपेन्द्र ढकालले अभिभावकहरुलाईबालबालिकाको विकासमा उनीहरुको भूमिकाका विषयमा प्रशिक्षण दिनुभएको थियो। संस्थाका अध्यक्ष शोभामोहनपौडेलको अध्यक्षतामा भएको सो कार्यशालामा पोखरा १९ का वडा सदस्य दुर्गादेवी बस्नेत,वडा शिक्षा समिति सदस्य विकास कुमार आचार्य,भारती भवन वि व्य स अध्यक्ष विष्णु प्रसाद अधिकारी, गायत्री सिकाइ केन्द्र परिचारिका पवित्रा पौडेत,अभिभावक सिमा बास्तोला,जसमाया गिरी लगायतले बोल्दै सिकाइ केन्द्रले अत्यावश्यक कार्यक्रम संचालन गरेको र अभिभावकहरु कार्यशालाबाट अपेक्षाकृत लाभान्वित भएको बताए। संस्थाका कोषाध्यक्ष कृष्ण प्रसाद गौतमको स्वागत मन्तव्य रहेको सो कार्यक्रमको संचालन सिकाई केन्द्रका उपाध्यक्ष एवं महेन्द्र मा वि वि व्य सका अध्यक्ष बैकुण्ठ पौडेलले गर्नुभएको थियो।

# नेपोनको जिम्मेवारी बाँडफाँड र सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

नेपाल राष्ट्रिय भू.पू सैनिक तथा प्रहरी सगठन (नेपोन) गण्डकी प्रदेश कमिटिको जिम्मेवारी बाँडफाँड र सम्मान कार्यक्रम सम्पन्न भएको छ।

संस्थाले शनिवार एक कार्यक्रमको आयोजना गरि संस्थाको प्रदेश तहमा रिक्त पदमा जिम्मेवारी तथा सम्मान गरेको नेपोन जिल्ला कोषाध्यक्ष बिजय गुरुङले जानकारी दिए।



कार्यक्रम मार्फत संस्थाको प्रदेश उपाध्यक्षमा रहेका रुद्रबाहादुर क्षेत्री नेपोन केन्द्रको अधिवेशन मार्फत केन्द्रीय सदश्यमा निवार्चित भए थिए उक्त पदमा हाल सचिव रहेका चेत बहादुर रावल (प्रविन) लाई उपाध्यक्षयको जिम्मेवारी दिइएको हो। यस्तै सचिवमा डिएस्पी राजेन्द्र अधिकारी लाई चयन गरिएको संस्थाले जनाएको छ। कार्यक्रममा केन्द्रीय सदश्यहरुलाई सम्मान समेत गरिएको थियो। नेपोनका गण्डकी प्रदेशका अध्यक्ष सत्यराज सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय उपाध्यक्ष क्याप्टेन लालकाजी गुरुङ,केन्द्रीय कमिटका महासचिव मदन केसी,सचिवालय सदस्य चन्द्र बहादुर भूजेल लगायतले संस्थाको महत्वको बिषयमा बोलेका थिए। २०४७ सालमा स्थापनाको भएको सस्थाले नेपाल प्रहरीको सगँको सहकार्यमा लागु औषध न्युनिकरण सम्बन्धी कार्यक्रम सगैं समाजिक कार्य गर्दै आइरहेको छ।

# पोखराकी शान्ती उदासलाई अन्तर्राष्ट्रिय अवार्ड

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पोखराकी शान्ती श्रेष्ठ उदासले अन्तर्राष्ट्रिय अवार्ड पाउन सफल भएकी छिन्।

सिंगापुरमा आयोजित अमेरिकाको प्रतिष्ठित दि इन्टरनेशनल अवार्ड फोरमले उदासलाई ग्लोबल एक्सेलेन्स इन लिडरसिप अवार्ड प्रदान गरेको हो।

फोरमले विश्वका बिभिन्न देशका उद्यमी एवम समाजसेवीहरुलाई उनीहरुको कामको प्रभावकारिताको आधारमा पुरस्कृत गर्ने गरेको छ। उदाससँगै अन्य देशका



व्यक्तिहरुमा सम्मानित भएका छन्। उदास पोखराको नदिपुरमा महिला तथा युवाहरुको सीप र व्यावसायिक दक्षता अभिबृद्धिका लागि स्थापना गरिएको सारथी केन्द्र तथा बिभिन्न सीपमुलक तालिमहरु पश्चात उत्पादित स्थानिय उत्पादनहरुको बजारीकरणका लागि खोलिएको सृष्टि क्रियशनको अध्यक्षका रुपमा कार्यरत रहेका छन्।

नेवा मिसा पुचका संस्थापक अध्यक्ष, राष्ट्रिय आदिबासी जनजाती महिला महासंघ कास्कीको सचिव, नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत महिला उद्यमी विकास समितीको केन्द्रिय कार्यसमितिमा रहेर काम गरि सामाजिक योगदान दिएका छन्। उनी कास्की मोडल हस्पिटलका निर्देशक, कास्की फाइनान्सका पुर्व डाइरेक्टर, आल्मोण्डस क्याफेका संचालक रहेका छन्।

# हेमजामा "अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता-२०८२" सुरु

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पोखरा महानगरपालिका वडा नं. २५ हेमजामा ३५ वर्ष माथिको उमेर समूहको "अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता-२०८२" सुरु भएको छ। हेमजा यूनाईटेडको आयोजनामा गौरीशङ्कर खेल मैदानमासुरुप्रतियोगिताकोशनिवार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नु भयो।



नगर प्रमुख आचार्यले आफूरु महानगर क्षेत्रको समग्र खेलकुद विकास लागि प्रतिबद्ध रहेको बताउनुभयो। खेल पूर्वाधारको विकास तथा निर्माण, खेलाडीहरूको क्षमता विकास तथा प्रोत्साहन, खेल चेतनाको विकास, विद्यालय तथा समुदाय स्तरमा खेलकुदको भावना जागरण लगायत कार्यहरूमा महानगरपालिकाले काम गरिरहेको उहाँले बताउनुभयो।

पोखरा महानगरपालिकाको प्रवक्ता मोतीलाल तिम्सिनाले खेलकुदको विकासका लागि वडा स्तरमा विभिन्न गतिविधिहरू भइरहेको बताउनुभयो। महानगरपालिकाको शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले स्वस्थ नागरिक निर्माणका लागि खेलकुदलाई समेत प्राथमिकता दिनुपर्ने बताउनुभयो।

एन्फाका केन्द्रीय उपाध्यक्ष दीपक खतिवडाले पोखरा फुटबलको सम्भावना बोकेको सहर भएकाले यसको महत्वलाई उजागर गर्न विभिन्न आस्थाका बिच एकता अवयस्कता रहेको बताउनु भयो। शनिवार भएको पहिलो खेलमा वडा न.२५ हेमजा निलोले ९-२ गोल अन्तरले वडा न.२९ लाई पछि पादै विजय सुरुवात गरको छ। दोस्रो खेल वडा न.१५ र १६ बिच भएको थियो जसमा २-० गोल अन्तरले वडा न.१५ ले आगामी यात्रा तय गऱ्यो। आइतबार पहिलो खेल वडा न.१ र १७ र दोस्रो खेल वडा ८ र ५ बिच हुनेछ।

१३ समूहको सहभागिता रहेको प्रतियोगितामा प्रथम पुरस्कार रु १ लाख ११ हजार १११ र द्वितिय पुरस्कार रु ५५ हजार ५५५ साथमा ट्रफी, मेडल र प्रमाणपत्र रहेको छ। उत्कृष्ट विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकता, उत्कृष्ट गोलरक्षक,उत्कृष्ट डिफेन्डर,उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई प्रत्येक विधामा नगद रु २ हजार साथमा ट्रफि प्रदान गरिने छ। साथै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार साथमा ट्रफी र क्वाटर फाइनल देखिका म्याचहरूमा म्यान अफ दि म्याच घोषण गरी ट्रफी प्रदान गरिने क्लबका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए।

आइतवार भएको पहिलो खेल वडा न. १७ र १ बिच भएको थियो।जस्मा १ ले २-१ गोलको अन्तरले पछि पार्दै विजयी भयो। वडा न.८ र ५ बिच भएको दोस्रो खेलमा ४-१ गोल अन्तरले वडा न.५ ले जित आफ्नो पक्षमा पार्न सफल भयो। भोलि पहिलो खेल वडा न १३ र १४ बिच हुनेछ। दोस्रो वडा न. २५ निलो र वडा न. २० बिच हुने खेल संयोजक इन्द्र बहादुर कुंवारले जानकारी दिनु भयो। १३ समूहको सहभागिता रहेको प्रतियोगितामा प्रथम पुरस्कार रु १ लाख ११ हजार १११ र द्वितिय पुरस्कार रु ५५ हजार ५५५ साथमा ट्रफी, मेडल र प्रमाणपत्र रहेको छ। उत्कृष्ट विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकता, उत्कृष्ट गोलरक्षक,उत्कृष्ट डिफेन्डर,उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई प्रत्येक विधामा नगद रु २ हजार साथमा ट्रफि प्रदान गरिने छ। साथै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार साथमा ट्रफी र क्वाटर फाइनल देखिका म्याचहरूमा म्यान अफ दि म्याच घोषण गरी ट्रफी प्रदान गरिने क्लबका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए।

खेल जेष्ठ १७ गते सम्म गौरीशंकर खेल मैदान(गौरी) मा सञ्चालन हुनेछ।

# खेलकुद पत्रकार मञ्चको टिमलाई पोखरामा स्वागत

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेफ) गण्डकीले नेपाल खेलकुद पत्रकार मञ्चका नवनिर्वाचित केन्द्रीय पदाधिकारीहरूलाई पोखरामा स्वागत गरेको छ।

पोखरारंगशालास्थितमिडिया सेन्टरमा आयोजित कार्यक्रममा एनएसजेफ गण्डकीका अध्यक्ष एमबि आस्थामगरले स्वागत गरेका हुन्।

कार्यक्रममा एनएसजेफगण्डकीकापदाधिकारीहरु, खेल पत्रकारहरु, सञ्चारकर्मी, खेलप्रेमीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा एनएसजेफका नवनिर्वाचित अध्यक्ष निरञ्जन अधिकारी, वरिष्ठ उपाध्यक्ष अन्जन खड्का, पूर्वअध्यक्षहरु निरञ्जन राजवंशी, अजय फुयाललाई पोखरामा स्वागतसँगै बधाई ज्ञापन गरिएको हो।

कार्यक्रममा एनएसजेफ गण्डकी अध्यक्ष एमबि आस्थाले नवनिर्वाचित टिमलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै प्रदेश र केन्द्रको मञ्चबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे। आगामी दिनका अझ बलियो सहकार्य हुनुपर्नेमा उनको जोड थियो। नवनिर्वाचित अध्यक्ष अधिकारीले गण्डकी मञ्चको अतिथ्यप्रति आभार व्यक्त गर्दै पत्रकारिताको माध्यमबाट खेल



क्षेत्रको विकासमा थप योगदान पुऱ्याउने प्रतिबद्धता जनाए।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– बी. पी. कोइराला

## सम्पादकीय

# पूर्व राष्ट्रपति भण्डारीलाई चीनले दिएको सम्मान

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई चीन सरकारले विदेशी सरकार प्रमुख सरहको सम्मान दिएको छ। नेपाल सरकार र नेकपा एमालेको संयुक्त टोलीको नेतृत्व गरेर पुगेकी भण्डारीलाई चीनले उच्चस्तरीय नेताको सम्मान दिएको छ। राष्ट्रपति सी जिनपिङसहित चिनियाँ नेताहरूसँग व्यक्तिगतरूपमा पनि राम्रो सम्बन्ध भएकी पूर्वराष्ट्रपति भण्डारीलाई ग्वान्जाओमा चीनका सरकारी अधिकारी र कम्युनिस्ट पार्टीका नेताहरूले स्वागत गरेका छन् । नेकपा एमालेका विदेश विभाग सचिव रघुवीर महासेठ र उद्योगमन्त्री दामोदर भण्डारीसमेत रहेको प्रतिनिधि मण्डलको सम्पूर्ण तालिका र कार्यक्रमको योजना चीन सरकारले नै तय गरेको छ । पूर्वराष्ट्रपति भण्डारीको भ्रमणदललाई चीन सरकारको राजकीय आवास गृह दियाओ थाईमा राखिएको छ। चीन सरकारले उनलाई विदेशी सरकारप्रमुख सरहको सम्मान, सुरक्षा र आवासगृह प्रदान गरेको छ ।

बेइजिङ र गान्सु प्रान्तमा आयोजित दुईवटा कार्यक्रमको मुख्य अतिथिका रूपमा उनको सहभागिता रहनेछ । पूर्वराष्ट्रपति भण्डारीले दुईवटा महत्वपूर्ण कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्ने कार्यक्रम तय भएको छ। चीनका विभिन्न छिमेकी राष्ट्रबाट निम्त्याइएका राजनीतिक दलका प्रतिनिधीबीच हुने संवाद कार्यक्रममा उनी प्रमुख अतिथि रहेकी छन् । सोही हैसियतले मन्तव्य व्यक्त गर्ने कार्यक्रम छ। उक्त कार्यक्रम भने सोमबार विहान आयोजना गरिने तालिकामा उल्लेख छ । शुक्रबार नागरिकस्तरको अनुभव आदानप्रदान र पारस्परिक सिकाईसम्बन्धी चौथो संवाद कार्यक्रममा पनि उनले प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्ने कार्यक्रम छ।

भ्रमणमा सहभागी विभिन्न राजनीतिक व्यक्तिलाई समेत विभिन्न कार्यक्रममा महत्वका साथ भूमिका दिइने तालिकामा उल्लेख छ। उक्त भ्रमणदलका सदस्य उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्री दामोदर भण्डारी, पूर्वमन्त्री रघुवीर महासेठ र कर्णबहादुर थापालाई विषय तोकेरै वक्ताका रुपमा राखिएको छ । सोमबार आयोजना हुने विभिन्न देशका राजनीतिक दलका प्रतिनिधीबीचको संवाद कार्यक्रममा उनीहरुका निम्ति मन्तव्यको शीर्षक नै छुट्याइएको हो । मन्त्री भण्डारीले उच्चस्तरीय खुलापन र एसियाको एकीकृत विकास कार्यक्रमबारे मन्तव्य व्यक्त गर्नेछन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारी सम्हालिसकेका पूर्वमन्त्री रघुवीर महासेठले रणनीतिक पारस्परिक विश्वास सुदृढीकरणका लागि संवाद र परामर्श शीर्षकमा मन्तव्य राख्ने भएका छन् । अर्का पूर्वमन्त्री कर्णबहादुर थापाले फरक फरक देशका नागरिकस्तरमा अनुभव आदान प्रदानलाई विस्तार गर्ने विषयमा मन्तव्य दिने कार्यक्रम छ।

यसबाहेक मन्त्री भण्डारीले मंगलबार चाइना काउन्सिल फर दी प्रमोसन अफ इन्टरनेशनल ट्रेड (सीसीपीआईटी) का नेतासँग भेट्ने कार्यक्रम तय भएको छ। भ्रमण दलका अर्का सहभागी सार्वजनिक सेवा प्रशारण (पिएबी) का कार्यकारी अध्यक्ष महेन्द्र विष्टले मंगलबार नै चाइना मिडिया ग्रुप (सीएमजी) का प्रतिनिधिसँग भेट्ने कार्यक्रम छ। राष्ट्रपतिको कार्यकाल सकेपछि भएको पहिलो विदेश भ्रमणलाई चीनले महत्व दिनु नेपाललाई गरेको सम्मान हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# यु-१६ गण्डकी छनौंटको फाइनलमा कास्की र नवलपुर भिड्ने




**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

पोखरामा जारी यु-१६ गण्डकी प्रदेश छनौंट क्रिकेट प्रतियोगिताको फाइनलमा घरेलु टोली कास्की र नवलपुर भिड्ने भएका छन् ।

आइतबार भएको ग्रुप 'बी' तर्फको अन्तिम खेलमा स्याँग्जासंग पराजित भएपनि नेट रन रेटका आधारमा नवलपुरले फाइनलमा स्थान बनाउँदै कास्कीसंगको भिडन्त तय गरेको हो। समुहमा रहेका तीनवटै समुहले एक एक खेल जित्दै समान २ अंक जोडेपनि रनरेटका आधारमा नवलपुर शिर्षस्थान कायम गर्यो । पर्वत दोश्रो तथा स्याङजा तेश्रो स्थानमा रहयो । कास्कीले यसअघिनै ग्रुप 'ए'बाट फाइनलमा स्थान सुरक्षित पारिसकेको थियो। पोखरा क्रिकेट मैदानमा टस जितेर व्याटिङ गरेको नवलपुरले निर्धातर ३५ ओभरको खेलमा ३१.५ ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय ५१ रनको योगफल तयार पारेको थियो । प्रत्युत्तरमा स्याङजाले २ बल बाँकि छँदा ६ विकेटको नोक्सानीमा विजयी लक्ष्य प्राप्त गर्यो । स्याङजालाई जित दिलाउन प्लेयर अफ द म्याच किरण गैह्रेले महत्वपूर्ण पारी खेले । ब्याटिङतर्फ १७ बलमा २५ रन जोडेका उनले बलिङतर्फ पनि ५ ओभरको आफ्नों स्पेलमा २९ रन खर्चिएर २ विकेट लिए। त्यस्तै स्याँग्जाका ब्याटरहरु भुवन भट्टराईले ३१ तथा आयुष भट्टराईले १६ रनको योगदान दिए।

नवलपुरको ब्याटिङमा समिर न्यौपानेले ४४ बलमा ७ चौका र १ छक्का प्रहार गर्दै ४३ रन जोडे । त्यस्तै, जितेन्द्र पुनले ३० तथा हिमाल बिकले २३ रनको पारी खेले । स्याँग्जाका बलरहरु प्रकास कँडेलले ३ तथा किरण गैह्रे, आयुष भट्टराई र अभिषेक भट्टराईले समान २ विकेट लिए। तनहुँका शैलेश काफ्लेले ३ विकेट लिएका थिए भने हिमाल विक र सुजन अर्यालले एक एक विकेट बाँडेका थिए । आइतबारको प्रतिस्पर्धामा प्लेयर अफ द म्याच बनेका स्याङजाका किरण गैह्रेलाई आयोजक गण्डकी प्रदेश क्रिकेट संघका उपाध्क्ष प्रकास पौडेलले पुरस्कृत गरेका थिए । प्रतियोगिताको फाइनल खेल सोमबार हुने जनाइएको छ।

# दूध अभावले 'चितवन मिल्क' बन्द

**रासस**
काठमाडौं, ११ जेठ

दुग्ध उत्पादक सहकारी संस्था र फर्महरूको दूध प्रशोधन गर्दै आएको 'चितवन मिल्क उद्योग'ले प्रशोधनका लागि दूध नपाएपछि बन्द भएको छ । दूध नपाएपछि गत वैशाख १० गतेदेखि उद्योग बन्द भएको हो ।

उद्योगमा सहकारी संस्था र फर्महरूले बिक्री नभएको दूध ल्याएर प्रशोधन गरी नौनी घ्यू (बटर) र धुलो दूध उत्पादन गर्ने गर्दछन् । भरतपुर महानगरपालिका-१ ठिमुरामा उद्योग रहेको छ।

उद्योगका प्रबन्धक दुर्गा पराजुलीले विभिन्न सङ्घसंस्थालाई दूधका लागि आग्रह गरिएको भए पनि प्राप्त गर्न नसकिएको बताउनुभयो । एक पटक सञ्चालन गर्नका लागि कम्तीमा ४० हजार लिटर दूध आवश्यक पर्दछ । उद्योगले एक 'सिफ्ट'मा एक लाख लिटरसम्म दूध प्रशोधन गर्न सक्छ। देशभरका ३० संस्थाले यहाँ प्रशोधनका लागि दूध ल्याउने गर्दछन् ।

प्रबन्धक पराजुलीले सहकारी र फर्मले दूध नल्याएपछि आफैंले दूध किनेर मेसिन सञ्चालनका लागि उद्योग चलाउने योजना भए पनि दूध पाउन नसकेको बताउनुभयो ।

गत आर्थिक वर्षमा फागुनदेखि भदौसम्म उद्योग बन्द भएको थियो । अघिल्ला वर्षहरूमा भने यो मौसममा दूधको अभाव हुने गरेको थिएन। ती वर्षहरूमा असार १५ देखि साउन मसान्तसम्म दूधको अभाव हुने गरेको उहाँले बताउनुभयो ।

उद्योगमा ३४ कर्मचारी कार्यरत छन् । उद्योग सञ्चालन नहुँदासमेत मासिक रु १५ लाख हाराहारी खर्च हुने प्रबन्धक पराजुली बताउनुहुन्छ।

उद्योगमा अहिले १५ किलोका नौ हजार ब्लक नौनी र १२ हजार बोरा धुलो दूध बाँकी छ। विक्रम संवत् २०७५ देखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गर्ने काम गरिरहेको छ। प्रतिलिटर पाउडर दूधको रु ११३ र घ्यू (बटर) को प्रतिकिलो रु ५५ लिएर उद्योगले प्रशोधन गर्दै आएको थियो ।

# गाउँमै मोतियाबिन्दुको उपचार



**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ जेठ

रघुगङ्गा गाउँपालिका-७ चिमखोलाकी ८१ वर्षीया सुकुमा नेपालीले तीन वर्षदेखि आँखामा मोतियाबिन्दुको समस्या देखिएपछि राम्रोसँग आँखा देख्न छाड्नुभएको थियो ।

खर्चको व्यवस्थापन र सहरमा पुगेर आँखाको शल्यक्रिया गर्ने चाँजोपाँजो मिलाउन नसकिरहेको समयमा गाउँपालिकाको केन्द्र मौवाफाँटमा आयोजित निःशुल्क शल्यक्रियासहितको आँखा उपचार शिविरमा नेपालीले घरआँगनमै सहज रूपमा उपचार गर्ने अवसर पाउनुभयो ।

"आँखाले मधुरो देख्ने भएकी थिएँ, सहरमा पुगेर उपचार गराउन पाएको थिइनँ, बुढेसकालमा फेरि आँखा खुल्छन् जस्तो लागेकै थिएन, गाउँमै आएको शिविरमा उपचार गरेपछि अहिले राम्रोसँग देख्न सक्ने भएकी छु", नेपालीले भन्नुभयो । शिविरमा मोतियाबिन्दुको शल्यक्रिया गरेर उपचार सेवा लिनुभएकी रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटकी धनीमाया बुद्धिजाले घरआँगनमै शिविर राखेर गाउँपालिकाले खर्च नगरिकन उपचार गर्ने सुविधा दिएको बताउनुभयो ।

रघुगङ्गा गाउँपालिका र तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौंको प्राविधिक सहयोगमा तीन दिनसम्म सञ्चालन भएको मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया शिविरमा ९५ जनाको आँखाको शल्यक्रिया गरिएको छ । शनिबार सम्पन्न शिविरमा एक सय ६० जनाले आँखा परीक्षण सेवा लिएका छन् । वडास्तर र गाउँपालिकामा आयोजित शिविरबाट एक हजार ३९ जनाले आँखा परीक्षण सेवा लिएको गाउँपालिकाले जनाएको छ । शिविरमा उपचार सेवा लिएकाहरूले गाउँघरमै सहज र सुलभ तरिकाले आँखाको उपचार गराउन पाएकामा नाचगान गरेर खुसीयाली मनाएका छन् । वृद्धवृद्धा अवस्थामा गुम्दै गएको ज्योति शिविरमा चिकित्सकहरूको उपचारपछि फर्किएर उज्यालो देख्न पाएकामा उनीहरूले नाचगान गरेर खुसीयाली मनाएका थिए।

ग्रामीण र दुर्गम गाउँबस्ती रहेको यस गाउँपालिकाभित्र पालिकाको समन्वयमा तिलगङ्गा आँखा प्रतिष्ठानका स्वास्थ्यकर्मीहरूले वडास्तरमा गरेको आँखा जाँच शिविरमा धेरै जनामा मोतियाबिन्दुको समस्या भेटिएपछि शल्यक्रियासहितको शिविर राखेर निःशुल्क उपचार गर्ने प्रबन्ध गरिएको गाउँपालिका अध्यक्ष भबबहादुर भण्डारीले बताउनुभयो । "दुई महिनाअघि वडा नं २ भगवतीमा गरेको शिविरमा मात्र ४८ जनामा मोतियाबिन्दुको समस्या भएका बिरामी पहिचान भएका थिए, त्यसपछि सबै वडामा आँखा जाँच शिविर राख्यौं, वडास्तरको शिविरबाट एक सय ४६ जनामा मोतियाबिन्दुको पहिचान भयो, ठूलो सङ्ख्यामा मोतियाबिन्दुका समस्या भएका बिरामी भेटिएपछि विशेषज्ञ टोलीलाई पालिकामै ल्याएर उपचार सेवा दिएका हौं", गाउँपालिका अध्यक्ष भण्डारीले भन्नुभयो । गाउँमै आँखा उपचारको विशेषज्ञ सेवासहित शिविर सञ्चालन भएपछि सर्वसाधारण नागरिकलाई ठूला सहरमा पुगेर आँखाको शल्यक्रिया गर्नुपर्ने बाध्यता र झन्झट हटेको छभने समय र सम्भावित आर्थिक खर्च पनि बचत भएको छ। बिरामीको आँखाको परीक्षण, मोतियाबिन्दुको निःशुल्क शल्यक्रियासहित चश्मा वितरण गरिएको र निःशुल्क एक सातापछि फलोअप सेवासमेत दिने तयारी गरिएको तिलगङ्गा आँखा प्रतिष्ठान अस्पतालका नेत्र अधिकृत मनकृष्ण डङ्गोलले जानकारी दिनुभयो।

शिविरमा बिरामीको दृष्टिसँगै मधुमेह, उच्चरक्तचाप, रगतलगायत परीक्षण र जाँच पनि गरिएको थियो। शिविरमा तिलगङ्गा आँखा अस्पतालका वरिष्ठ नेत्र विशेषज्ञ डा इन्दिरा पौडेल नेतृत्वको नेत्र अधिकृत र स्वास्थ्यकर्मी र रघुगङ्गा गाउँपालिकाका स्वास्थ्यकर्मीसमेतको टोलीले उपचार, परामर्श तथा औषधि वितरण सेवा दिनुभएको थियो ।


# सार्वजनिक सूचना

पोखरा म.न.पा. वडा नं. १७ ढुंगेसाघु मार्ग अन्तर्गत दिपेशचन्द्र बरालको नाममा हकभोग रहेको कि.नं. २१२ र कि.नं. २१४ को जम्मा छेत्रफल १५५८.५० वर्ग मि. को जग्गामा १ तल्ले टिनको छानाको घर निर्माण गर्नका लागि मिति २०८२/०१/२४ गते यस वडा कार्यालयमा नक्शा आवेदन दर्ता भई १५ दिने सूचना टाँस गरिएकोमा मिति २०८२/०२/०८ गते घर निर्माणको लागि साँध सधियारासहितको सर्जमिन मुचुल्का गर्नका लागि यस कार्यालयबाट डोर खटाउदा उक्त जग्गाको पूर्वतर्फ कि.नं. १२, कि.नं. १६, कि.नं. १५४, कि.नं. १५५, कि.नं. २४९, कि.नं. २५०, दक्षिणतर्फ कि.नं. ११ र उत्तरतर्फ कि.नं.९६ को सधियारा सम्पर्कमा नआएकोले निवेदक दिपेशचन्द्र बरालले कि.नं. २१२ र कि.नं. २१४ को जग्गामा घर निर्माण गर्दा तपाई सधियारालाई कुनै बाधा अड्चन पर्ने भएमा यसै सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र यस १७ नं. वडा कार्यालयमा आवश्यक प्रमाण सहित लिखित जानकारी गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ अन्यथा नियमानुसार हुनेछ ।



# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ मदन आश्रित बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मदन आश्रित बाटो निर्माण
ठेगानाः पोखरा-१७
योजना सम्झौता मितिः २०८१/०९/०२ गते
योजना शुरु हुने मितिः २०८१/०९/०३ गते
योजना सम्पन्न भएको मितिः २०८१/१२/०३ गते
योजनाको कुल लागतः रु.१७,६६,९९४.७४
महानगरपालिकाबाटः रु.१५,००,०००|-
उपभोक्ता समुहबाटः रु.२,६६,९९४.७४
अध्यक्षः प्रेम गिरी मो.९८२६१७७२५६
निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४
अनुगमन समिति संयोजकः
इ. नगेन्द्र बस्याल, सव इ. शिशिर सुवेदी

**मदन आश्रित बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१७**



# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ डाडा गाउँ आँपको रुखबाट देउराली सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः डाडा गाउँ आँपको रुखबाट देउराली सडक
ठेगानाः पोखरा-३३
योजना सम्झौता मितिः २०८१/०९/०१ गते
योजना शुरु हुने मितिः २०८१/०९/०२ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/२९ गतेसम्म
योजनाको कुल लागतः रु.१७,६४,८९९.१७
महानगरपालिकाबाटः रु.१५,००,०००|-
उपभोक्ता समुहबाटः रु.२,६४,८९९.१७
अध्यक्षः विष्णुप्रसाद लम्साल मो.९८२६१७७२५६
निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४
अनुगमन समिति संयोजकः
इ. राजेश नेपाल, सव इ. विशाल थापामगर

**डाडा गाउँ आँपको रूखबाट देउराली सडक उपभोक्ता समिति पोखरा-३३**

# लोमान्थाङमा 'तिजी' पर्व सुरु

रासस
मुस्ताङ, ११ जेठ

उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका लोमान्थाङमा शनिबारदेखि सदियौँ वर्षदेखि चल्दै आइरहेको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व तिजी औपचारिक रूपमा सुरु भएको छ । उपल्लो मुस्ताङमा तिजी पर्वलाई सबैभन्दा महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा लिने गरिन्छ ।



उपल्लो मुस्ताङको लोछोदिन समुदायका गुरुङ र विष्ट समुदायका मानिस एकै थलोमा भेला भएर तिजी पर्वलाई हर्ष र उल्लासका साथ मनाउने प्रचलन छ । लोमान्थाङ र लोघेकर दामोदरकुण्डको संयुक्त आर्थिक सहयोग तथा लोमान्थाङस्थित छोदे गुम्बाको व्यवस्थापनमा लोमान्थाङस्थित मुस्ताङ सांस्कृतिक राजाको दरबार परिसरमा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व 'तिजी' शुभारम्भ गरिएको हो । तिजीलाई तिब्बती भाषामा 'तेन्जी' पर्व भन्ने गरिन्छ ।

तिजी पर्वका बेलामा उपल्लो मुस्ताङका स्थानीय नागरिकले आफ्नो आर्थिक हैसियतअनुसार खानपान गर्ने, नयाँ मौलिक वेशभूषासहितको लुगा र गरगहना लगाउने गर्छन् । तिजी पर्व अवधिभर गुम्बा र छोर्तेनमा गएर सामूहिक पूजाआजा गर्ने धार्मिक चलन छ । उपल्लो मुस्ताङमा तिजी पर्व तीनसम्म मनाइने प्रचलन रहेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । "तिजी पर्व एक किसिमको धार्मिक पूजा नै हो, तर यो धार्मिक पूजालाई लोछोदिन समुदायले पर्वका रूपमा विस्तार गरेको हो", उहाँले भन्नुभयो, "उपल्लो मुस्ताङको लोछोदिन समुदायलाई कसैबाट आक्रमण नहोस्, शान्ति स्थापना होस्, सबैको भलो होस् भन्ने उद्देश्यले तिजी पूजाको रूपमा यो पर्व चल्दै आइरहेको हो ।" तिजी पर्वमा उपल्लो मुस्ताङअन्तर्गत साविकका सातवटै गाविसका मानिस लोमान्थाङस्थित तिजी पर्वमा उपस्थित भएर शान्ति पूजापाठमा सरिक हुनुपर्ने धार्मिक प्रचलन रहेको अध्यक्ष विष्टको भनाइ छ । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले उपल्लो मुस्ताङको धार्मिक तथा ऐतिहासिक पर्व तिजी उपल्लो मुस्ताङको सांस्कृतिक धरोहरका रूपमा रहेको बताउनुभयो । यो पर्वले उपल्लो मुस्ताङको समृद्धि, विकास र शान्ति स्थापना गर्न तथा उपल्लो मुस्ताङका नागरिकलाई भावानात्मक रूपमा एकताबद्ध गर्न तिजी पर्वले महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको उल्लेख गर्नुभयो । तिजी पर्व आठौँ शताब्दीदेखि धर्मगुरु पद्मसम्भवको पालादेखि सुरु भएको लोमान्थाङस्थित लोमान्थाङ छोदे गुम्बाका लामा झ्याम्पा घ्याचो गुरुङले बताउनुभयो । गुरु पद्मसम्भवको पालादेखि सुरु भएको तिजी पर्व उपल्लो मुस्ताङमा पन्ध्रौँ शताब्दीमा मुस्ताङी दोस्रो राजाका छोरा आङ्जेन साङ्वोको पालादेखि सुरु भएको छोदे गुम्बाका लामा गुरुङको भनाइ छ । पछिल्लो अवस्थामा उपल्लो मुस्ताङमा तिजी पर्व चल्दै गर्दा विभिन्न काखखण्डमा तिजी पर्व रोकिँदै र सुरु हुँदै आएकामा सन् १९६३ देखि नियमित रूपमा उपल्लो मुस्ताङमा तिजी सञ्चालन हुँदै आइरहेको छोदे गुम्बाका लामा गुरुङले जनाउनुभयो । त्यसो त विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरना सङ्क्रमणको जोखिमका कारण सन् २०२० देखि तीन वर्ष उपल्लो मुस्ताङमा तिजी पर्व रोकिएको लामा गुरुङले उल्लेख गर्नुभयो । लोमान्थाङमा ऐतिहासिक तथा धार्मिक एवं सांस्कृतिक पर्व तिजी तीन दिनसम्म नियमित रुपमा सञ्चालन हुने गर्छ । त्यस अवधिमा तीन दिनसम्म बिहान ६:०० देखि १२ बजेसम्म त्यहाँको गुम्बामा लामाद्वारा बज्रकिलया देवता र महाकाल देवताको पूजापाठ गर्ने गरिन्छ । यसरी पूजापाठ गर्दा उपल्लो मुस्ताङलाई कसैले कुदृष्टि नलगाओस्, विश्व भातृत्व र शान्ति कायम होस्, रोगब्याधी र अनष्टि नहोस्, अन्नबाली सप्रियोस्, प्राकृतिक विपद्को सामाना गर्न नपरोस्, सबै लोछोदिन समुदायमा सुख, शान्ति समृद्धि छाओस् भन्ने कामना गर्दै छोदे गुम्बाका लामाहरूले सामूहिक पूजा गर्ने प्रचलन रहेको लामा झ्यम्पा घ्याचो गुरुङले जानकारी दिनुभयो ।


यसैगरी तिजी पर्वको तीन दिनसम्म बिहानको धार्मिक पूजापाठपछि लोमान्थाङस्थित मुस्ताङी सांस्कृतिक राजाको दरबार परिसर अगाडि छोदे गुम्बाका लामाबाट बज्रकिलया र महाकाल देवताको नृत्य अभ्यास प्रस्तुत गर्ने गरिन्छ । यो प्रक्रिया तीन दिनसम्म नियमित चल्ने लामा गुरुङले सुनाउनुभयो । तिजी पर्वको अवसरमा लोमान्थाङको ऐतिहासिक दरबार अगाडि छोदे गुम्बाका लामाले ५४ प्रकारका बज्रकिलया र महाकाल देवताको नृत्य अभ्यास प्रस्तुत गर्ने चलन रहेको उहाँको भनाइ छ ।

यसरी बज्रकिलया र महाकाल देवताको दुरुस्तै हुनेगरी मुकुट पहिरिएर नृत्य अभ्यास प्रर्दशन गर्ने गरिएको लामा गुरुङले बताउनुभयो । लोमान्थाङमा आयोजित लोछोदिन समुदायको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व तिजीको अन्तिम दिन तीन दिनसम्म पुजामा रीखएको तोर्म गाउँबाहिर लगेर बिर्सजन गरेपछि तिजी पर्व समापन भएको संकेत गरिन्छ । यसरीमा पुजामा राखिएको तोर्म बिर्सजन गर्नुअघि कुन दिशमा लगेर बिर्सजन गर्ने हो त्यसको लामाहरूले पुजा गरेपछि निर्क्योल गरिन्छ । तार्म बिर्सजन गर्दा मुस्ताङी राजपरिवार ,गाउँका भद्रभलाद्मी,लामाहरू र स्थानीय गाउँले मिलेर गाउँ बाहिर लगेर फ्याकिन्छ । यसअघि तिजी पर्व सुरु हुँदा लोमान्थाङस्थित मुस्ताङी सांस्कृतिक राजाको दरबारमा राखिएको दुई तला ठूलो करिब ३० फुट लामो गुरु पद्मसम्भवको लुङ्ता बाहिर निकालेर लामाहरूले नृत्य अभ्यास गर्ने स्थान नजिकै झुन्ड्याउने गरिन्छ । गुरु पद्मसम्भवको ठूलो आकारको लुङ्ता वर्षको एक पटकमात्रै तिजी पर्वको बेला सार्वजनिक गर्ने प्रचलन रहेको लोमान्थाङ गाउँपालिका उपाध्यक्ष छिमी गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार दरबारबाट निकालिएको पद्मसम्भवको लुङ्ता तिजी पर्व सकेपछि पून : दरबारमै लगेर राख्ने गरिएको छ ।

दुरुस्तै तिब्बतीय कलासंस्कृतिको झल्कोदिने उपल्लो मुस्ताङमा आयोजना हुने यसप्रकारको तिजी पर्वलाई विदेशी पर्यटकहरूले निकै अभिरुची र चाँसोका साथ अवलोकन गर्ने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ईलाका संरक्षण कार्यालय लोमान्थाङका प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । तिजी पर्वको अवलोकन गर्ने र त्यहाँको धार्मिक तथा सांस्कृतिक सभ्यता र मौलिकतालाई विदेशी पर्यटकले फोटो र भिडियोमा कैंद गर्ने एक्याप लोमान्थाङका कार्यालय प्रमुख पौडेलको भनाइ छ । तिजी पर्वको अवलोकनका लागि उपल्लो मुस्ताङ आएका विदेशी पर्यटकको उपस्थितीले लोमान्थाङमा पर्यटकीय रौनकता बढाएको एक्याप लोमान्थाङ प्रमुख पौडेलले उल्लेख गर्नुभयो । लोमान्थाङमा तिजी पर्वको छेको पारेर यसै हप्ता मात्रै पाँच सय दुई विदेशी पर्यटक उपल्लो मुस्ताङमा भित्रिएको एक्याप लोमान्थाङले जनाएको छ । कार्यालयअनुसार सन् २०२५ को मे १ देखि मे २३ तारिखसम्ममा सात सय ५५ विदेशी उपल्लो मुस्ताङ भित्रिएका हुन् । सन् २०२५ को जनवरीदेखि मे २३ सम्ममा एक हजार छ सय ४७ विदेशीले उपल्लो मुस्ताङको भ्रमण गरेको कार्यालय प्रमुख उमेश पौडेलको भनाइ छ ।


भाका, भुल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो ।
इन्दै बिन्ती गरुन्, झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २००१/०९/०२

स्वर्गारोहणः
वि.स. २०८२/०२/०४ गते

**स्वः कृष्णप्रसाद सिग्देल**

यस पोखरा महानगरपालिका वडा नं.१३ स्थित पृथ्वीधर सिग्देल समाजका सदस्य श्रीमती राधिका सिग्देलको पति तथा छोरा/बुहारी श्रीकान्त सिग्देल र सुजिता सिग्देल साथै छोरी/ज्वाइँ सगुन सिग्देल र सुरेन्द्र घिमिरेका पुजनीय पिता धार्मिक तथा सामाजिक व्यक्तित्व **कृष्ण प्रसाद सिग्देल** को ८१ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहित भएका छौं । यस दुःखद घडीको आज ९ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवार तथा आफन्तजनहरुमा धैर्य धारण गर्ने शक्ति मिलोस भनी भगवानसँग प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

गोविन्दप्रसाद सिग्देल
महासचिव

एवम्

मैया सिग्देल
अध्यक्ष

**पृथ्वीधर सिग्देल समाज परिवार**
**पोखरा-१३, सिग्देलग्राम, कास्की**


# हाटबजारमा स्थानीय उत्पादन बिक्री गर्न सहज

पोखरापत्र संवाददाता
तनहुँ, ११ जेठ

जिल्लाका विभिन्न ठाउँमा हाटबजार सञ्चालनमा आएपछि स्थानीय उत्पादन बिक्री गर्न सहज भएको छ । जिल्लास्थित भानु नगरपालिका-२ नारेश्वरटारमा सञ्चालनमा आएको हाटबजार स्थानीय उत्पादन बिक्री गर्न सहयोगी बनेको हो ।



साथै आँबुखैरेनी गाउँपालिकामा सञ्चालित हाटबजारले स्थानीय उत्पादन बिक्रीमा सहजीकरण गरिरहेको छ । स्थानीय किसानले उत्पादन गरेका सामग्री बिक्रीका लागि यही जेठ ३ गते शनिबारदेखि हाटबजार सञ्चालन गरिएको हो । उक्त हाटबजार प्रत्येक साताको शनिबार सञ्चालन हुनेछ ।

नारेश्वरटार हाटबजार व्यवस्थापन तथा सञ्चालन समितिले भानु नगरपालिकाको सहकार्यमा हाटबजार सञ्चालन गरेको समितिका अध्यक्ष विष्णुप्रसाद मिश्रले जानकारी दिनुभयो । हाटबजारमा नगरभित्रका कृषिउपज ल्याएर बिक्री गर्न सकिने उहाँले बताउनुभयो । हाटबजार सञ्चालनको दोस्रो साता बेसार, तरुल, तिलको पिना, टमाटर, करेला, निउरो, कर्कलो, पिडालु, कटहर, तोरीको सागलगायत कृषिउपज बिक्री गरिएको छ । स्थानीय उत्पादन खरिद गर्न स्थानीयवासीको घुइँचो देखिएको मिश्रले बताउनुभयो । हाटबजार दिउँसो २:०० बजेदेखि साँझसम्म सञ्चालन हुन्छ । हाटबजारले किसानलाई प्रोत्साहन गरी स्थानीय उत्पादनलाई बढवा गर्ने र उपभोक्ताले पनि रोजेको कृषिउपज सहज रूपमा खरिद गर्नसक्ने भानु नगरप्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो ।

हाटबजारले किसान र उपभोक्तालाई जोड्ने पुलका रूपमा काम गर्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "किसानलाई आफूले उत्पादन गरेका कृषिउपज तथा अन्य सामग्री बिक्रीका लागि बजार अभाव नहोस् भनेर हाटबजार सञ्चालनमा ल्याएका हौँ । यसले किसानलाई प्रोत्साहन गर्नेछ ।"

आँबुखैरेनी-३ मा प्रत्येक शुक्रबार हाटबजार सञ्चालन हुँदै आएको छ। हाटबजारमा स्थानीय उत्पादन खरिद बिक्रीका लागि बिहानैदेखि घुइँचो लाग्ने गरेको छ। गत वर्षको फागुनदेखि सञ्चालित उक्त हाटबजारले किसान र उपभोक्तालाई प्रत्यक्ष जोड्नुका साथै उत्पादित सामग्री बजारीकरणका लागि प्रभावकारी बनेको छ । हाटबजारले आँबुखैरेनीको मात्रै नभइ आसपासका स्थानीय तहको पनि ध्यान खिचेको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले उल्लेख गर्नुभयो । उहाँका अनुसार स्थानीय मह, गोलभेँडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लीगानलगायत दैनिक उपभोग्य वस्तु बिक्री गर्ने व्यवस्था मिलाइएको छ । आँबुखैरेनी-६ प्यघुरका मिलन गुरुङले हाटबजार कृषिउपज तथा अन्य दैनिक उपभोग्य वस्तु बजारीकरणका लागि सहयोगी बनेको बताउनुभयो। उहाँले भन्नुभयो, "अन्य ठाउँमा गएर बिक्री गर्नुभन्दा हाटबजारमा ल्याएर बिक्री गर्दा रु एक भए पनि बढी मूल्य पाउने गरेका छौँ । सहज रूपमा वस्तुको बिक्री वितरणका लागि हाटबजार प्रभावकारी बनेको छ ।" गाउँपालिकाका जुनसुकै वडाका किसानले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्नसक्ने छन् ।

# कलम सहकारीको वित्तीय प्रशिक्षण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

कलम बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा ९ पालिखेचोकको आयोजना भउको सहकारी शिक्षा तथा वितिय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले सहकारीका सदस्यहरुलाई यस्ता सहकारी शिक्षा तालिमले सदस्यहरुलाई सहकारी भनेको केहो भन्ने कुराको जानकारी हुने बताउदै कलम बचत तथा ऋण सहकारी संस्था पोखरामा रहेका सरकारी मध्य राम्रा भनेर चिनिने सहकारीहरु मध्यमा नि उत्कृष्ट सहकारी रहेको बताउदै तिवारीले काठमाण्डौ पछि पोखरा नै सहकारीका समस्या धेरै रहेको ठाँउ रहेको बताउदै समस्या समाधान गर्न सहकारी संघ लागी परेको बताए । सहकारीका अध्यक्ष मनोहरि सापकोटाले सहकारीको मुल्य,मान्यता अनुसार कलम सहकारी चलेको बताउदै सहकारीलाई अहिले थप व्यवस्थित रुपले सञ्चालन गरिएको बताए । कार्यक्रममा सहकारीका पुर्व अध्यक्ष तथा सल्हाकार अर्जुन पोखरेलले कलम सहकारीले प्रगति गरेकोमा खुशी प्रकट गर्दे आगामी दिनमा अझ प्रगती गर्दे जाओस भन्दै शुभकामना दिएका थिए । सहकारकिा सल्लाहकार ज्ञान वहादुर कार्कीले आफु यस संस्थामा स्थापना कालदेखी नै आवद्ध भएको बताउदै कलम सहकारी प्रति पोखराका मात्र नभएर कास्की जिल्लाका जनताको विश्वास रहेको बताए । कार्यक्रममा पोखरा पुस्तक तथा स्टेशनरी व्यवसायी संघका अध्यक्ष गोविन्द गौतम जिल्ला सहकारी संघका लेखा समिति संयोजक तथा लेखा परिक्षक रुद्धनाथ पौडेल कार्यक्रमका प्रशिक्षक तथा पोखरा महानगर सहकारी समितिका सदस्य तथा सहकारी विज्ञ नारायण आचार्य लगाएतले बोलका थिए ।

कलम बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मनोहरि सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रमेशराज वरालले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने सहकारीका शिक्षा समिति सदस्य रामचन्द्र पौडेलले सहकारीका सात सिद्वान्त बाचन गरेका थिए भने व्यवस्थापक सन्तोष लामिछानेले सहकारीको हालसम्मको बितिय अवस्थाको बारेमा जानकारी गराएका थिए । कार्यक्रम सहकारीका सचिव लाल प्रसाद पाठकले सन्चालन गरेका थिए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ जुके सडक स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः जुके सडक स्तरउन्नती
ठेगानाः पोखरा-३३
योजना सम्झौता मितिः २०८१/०८/२५ गते
योजना शुरु हुने मितिः २०८१/०८/२८ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/२९ गतेसम्म
योजनाको कुल लागतः रु.४,७०,६२३.७७
महानगरपालिकाबाटः रु.४,००,०००।-
उपभोक्ता समुहबाटः रु.७०,६२३.७७
अध्यक्षः सरस्वती पौडेल
निर्माण समिति सदस्य संख्याः ७ महिलाः ४, पुरुषः ३
अनुगमन समिति संयोजकः
इ. राजेश नेपाल, सव इ. विशाल थापामगर

**जुके सडक स्तरउन्नती उपभोक्ता समिति**
**पोखरा-३३**